फोन नं. : ०१-५१७४२६०
E-mail : pbkgodwari@gmail.com

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# पुष्प विकास केन्द्र

बागमती प्रदेश

गोदावरी, ललितपुर, नेपाल

मिति : २०७८/०५/१६

प.सं. : २०७८/०७९ प्रशासन

च.नं. : ५२

विषय : सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा ।

श्री कृषि विकास निर्देशनालय,
हेटौंडा, मकवानपुर ।

श्री कृषि ज्ञान केन्द्र, चितवन, ललितपुर, काभ्रे, धादिङ, नुवाकोट, सिन्धुली, रामेछाप ।

सबै स्थानीय तह, वागमती प्रदेश ।

प्रस्तुत सम्बन्धमा यस केन्द्रको मिति २०७८/०५/१५ मा श्री अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित पुष्प खेती विस्तार तथा प्रवर्धन कार्यक्रममा प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना यसै पत्रसाथ सलग्न राखी पठाइएको छ । उपरोक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस केन्द्रमा पठाइदिनु भई सहयोग गरिदिन हुन सादर अनुरोध छ ।

सुधीर श्रेष्ठ
बरिष्ठ बागवानी विकास अधिकृत
(केन्द्र प्रमुख)

श्री कृषि शाखा
५१६

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धादिङ
दर्ता नं. : ६५६
दर्ता मिति : २०७८/०५/१६

श्री सूचना प्रविधि शाखा
website र Email मार्फत
सबै वडामा पठाउने
१६/५/६

प्रदेश सरकार

# पुष्प विकास केन्द्र, गोदावरी

बागमती प्रदेश, ललितपुर

## पुष्प खेती विस्तार तथा प्रवर्धन कार्यक्रममा भाग लिन प्रस्ताव पेश गर्ने सूचना

(प्रकाशित मिति २०७८/०५/१५)

यस केन्द्रको आ.ब. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पुष्प व्यवसाय प्रवर्धन कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम पुष्प खेती विस्तार तथा प्रवर्धन कार्यक्रममा भाग लिन इच्छुक बागमती प्रदेशका पुष्प व्यवसायीहरुको छाता संगठन, पुष्प व्यवसायमा संलग्न कृषक, कृषक समूह, सहकारी र पुष्प अनुसन्धान, उत्पादन र बजारिकरणमा संलग्न नीजि कम्पनीहरुको लागि तपसीलमा उल्लेखित कार्यक्रम ५० देखि ७०% अनुदानमा संचालन गर्न देहाय बमोजिम कागजात संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी रीतपूर्बकको निबेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। निबेदन र प्रस्तावको ढाँचा यस केन्द्रको वेबसाइट https://fdc.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिने छ। निबेदन यस केन्द्रको इमेल ठेगाना मार्फत समेत पठाउन सकिनेछ।

**तपसील**

| सि. नं. | साझेदारी कार्यक्रमहरु | कार्यक्रम संख्या | अनुदान रकम/कार्यक्रम |
|---|---|---|---|
| १ | पुष्प खेती विस्तारका लागि साझेदारीमा त्याचुरल्ली भेन्टिलेटेड ग्रीन हाउस निर्माण (५०० वर्ग मी.) | २ | ९,७०,०००।- |
| २ | पुष्प खेती विस्तारका लागि साझेदारीमा त्याचुरल्ली भेन्टिलेटेड ग्रीन हाउस निर्माण (२०० वर्ग मी.) | २ | ४,०४,०००।- |
| ३ | पुष्प भण्डारणका लागि पोर्टेबल कोल्ड रुम निर्माण अनुदान (५×३×३ मीटर साइज) | १ | ७,२७,५००।- |
| ४ | सयपत्री फूल खेती विस्तारका लागि साझेदारीमा प्लाष्टिक घर निर्माण (६×२० मीटर साइज) | ५ | २,४२,५००।- |
| ५ | पुष्प बिरुवा (कट फ्लावर) वितरण | २ पटक | ५० प्रतिशत |
| ६ | पुष्प मेला प्रदर्शनीलाई सहयोग | २ पटक | ९,७०,०००।- |

**संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु:**

१) रु. १०।- को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन र परियोजना प्रस्ताव भरी पेश गर्नु पर्नेछ। पुष्प मेला प्रदर्शनी आयोजना गर्न इच्छुक साझेदार संस्थाले राष्ट्रिय वा बागमती प्रदेशस्तरीय कार्यक्रमको विस्तृत विवरण, लागत अनुमान सहितको प्रस्ताव पेश गर्नु पर्नेछ।

२) कृषक समूह/कृषि सहकारीका कार्यक्रममा सहभागी हुन इच्छुक सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३) फार्म/कृषक समूह/सहकारीको प्रमाण पत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र र पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु।

४) प्रस्तावकले लागत साझेदारी गर्ने तथा अन्य संस्थाबाट अनुदान लिए/नलिएको प्रतिवद्धतापत्र।

५) कार्यक्रम संचालन गरिने जमीनको लालपुर्जाको फोटोकपी। लिजमा लिएको जमीन भए कम्तीमा ५ वर्षको करारनामाको प्रतिलिपी।

**थप जानकारीको लागि:**

पुष्प विकास केन्द्र, गोदावरी, ललितपुर
फोन नं. ०१-५१७४२६०, मोबाइल : ९८५१२०४२६०, इमेल : pbkgodawari@gmail.com

बरिष्ठ बागवानी विकास अधिकृत
(केन्द्र प्रमुख)